# **धरौट तथा जमानत निर्देशिका, २०७५**

मुलुकी फौजदारी (कार्यविधि) संहिता ऐन, २०७४ को दफा १९७ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायबमोजिमको निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम धरौट तथा जमानत निर्देशिका, २०७५ रहेको छ।

(२) यो निर्देशिका संवत् २०७५ भदौ १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले मुलुकी फौजदारी (कार्यविधि) संहिता ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "अदालत" भन्नाले सम्बन्धित अदालत सम्झनु पर्छ।

(ग) "धरौट वा जमानत लिने अधिकरी" भन्नाले जिल्ला अदालतको हकमा स्रेस्तेदार र अन्य अदालतको हकमा रजिस्ट्रार सम्झनु पर्छ र सो शब्दले फैसला कार्यान्वयन सम्बन्धी काम कारवाहीको हकमा फैसला कार्यान्वयन अधिकारी वा तहसिलदारलाई समेत जनाउँछ ।

(घ) "नियमावली" भन्नाले मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ सम्झनु पर्छ।

३. **धरौट वा जमानत माग गर्न सक्नेः** (१) दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक नेपाल सरकार वादी भई चलेको अन्य कसूरका अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागी अशक्त भएको वा सात महिनाभन्दा बढी अवधिको गर्भवती महिला वा पचहत्तर वर्ष नाघेको वृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले थुनछेकसम्बन्धी आदेश गर्दा ऐनको दफा ६७ को उपदफा (३) बमोजिम निजसँग धरौट वा जमानत माग गर्न सक्नेछ।

(२) ऐनको दफा ६७ बमोजिम पुर्पक्षको लागि थुनामा राख्नु पर्ने मुद्दाबाहेक नेपाल सरकार वादी भई चलेको अन्य कुनै मुद्दाको अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिब आधार भएमा अदालतले ऐनको दफा ६८ बमोजिम थुनछेक सम्बन्धी आदेश गर्दा निजसँग धरौट, जमानत वा बैङ्क जमानत माग गर्न सक्नेछ ।

(३) अदालतले थुनछेकको आदेश गर्दा ऐनको दफा ७२ बमोजिम देहायका कुरा विचार गरी अभियुक्तसँग मनासिब रुपमा धरौट, जमानत वा बैङ्क जमानतको रकम निर्धारण गर्नु पर्नेछः-

(क) कसूरको प्रकृति र गम्भीरता,

(ख) अभियुक्त वा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति,

(ग) अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति,

(घ) निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको,

(ङ) निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको,

(च) निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति,

(छ) कसूरबाट सृजित परिणाम,

(ज) कसूरमा साबित भए वा नभएको,

(झ) असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएकी महिला अभियुक्त रहेको।

(४) कुनै अभियुक्तबाट माग गरेको धरौट, जमानत वा बैङ्क जमानतको रकम पछि अपर्याप्त भएको देखिन आएमा अदालतले निजसँग थप धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्नेछ ।

(५) थुनछेकको आदेश गर्दा अदालतले माग गरेको धरौट, जमानत वा बैङ्क जमानत दिने अभियुक्तलाई अदालतले तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्नेछ।

(६) थुनछेकको आदेश गर्दा अदालतले माग गरेको वा थप माग गरेको धरौट, जमानत वा बैङ्क जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्नेछ।

४. **<u>धरौट वा जमानत दिन सक्नेः</u>** (१) नेपाल सरकार वादी भई चलेको कुनै मुद्दामा अदालतले थुनछेकको आदेश गर्दा प्रतिवादीसँग धरौट वा जमानत माग गरेमा प्रतिवादी वा निजकोतर्फबाट अन्य व्यक्तिले नगदै धरौट जम्मा गर्न वा जमानत वा बैङ्क जमानत दिन सक्नेछ।

(२) देहायका अवस्थाको कसूरदारलाई अदालतले पुनरावेदन गर्दा थुनामा नबसी धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्नेछः-

(क) पचहत्तर वर्ष माथिको व्यक्ति वा निको नहुने वा अत्यन्त कडा रोग लागी थुनामा बस्न नसक्ने भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट सिफारिस भएको कसूरदार,

(ख) अदालतबाट पुर्पक्षको लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दश वर्षसम्म कैद सजाय भएको कसूरदार ।

(३) ऐनको दफा १३७ को उपदफा (१) बमोजिम पुनरावेदन गर्दा कैदमा बस्नु पर्ने अवस्था बाहेकको कसूरदारले सोही दफाको उपदफा (४) बमोजिम आफूलाई भएको सजायबापत धरौट वा जमानत दिई पुनरावेदन गर्न सक्नेछ।

(४) ऐनको दफा १३७ को उपदफा (२) बमोजिम थुनामा नबसी पुनरावेदन दिने अनुमतिको लागि कारण खुलाई निवेदन गरेमा र त्यस्तो कारण मनासिब देखिएमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो अभियुक्तसँग धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्नेछ।

(५) जरिवाना वा क्षतिपूर्ति भराउने ठहरी फैसला भएको कुनै कसूरदारले जरिबाना वा क्षतिपूर्ति तत्काल बुझाउन नसक्ने भई एक वर्षभित्र बढीमा तीन किस्तामा बुझाउन पाउने गरी अदालतबाट आदेश भएमा सोबापत कसूरदारले कुनै सम्पत्ति जमानत वा बैङ्क जमानत दिन सक्नेछ।

५. **<u>पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेः</u>** (१) अदालतले थुनछेक सम्बन्धी आदेश गर्दा माग गरेको धरौट, जमानत वा बैङ्क जमानतको रकम घटी वा बढी भई मनासिब नभएको कारण देखाई मुद्दाको कुनै पक्षले सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ।

(२) धरौट, जमानत वा बैङ्क जमानतको रकम मनासिब नभएको कारण देखाई मुद्दाको पक्षले निवेदन दिएमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले त्यस्तो विषयमा सुनुवाई गरी त्यस्तो धरौट, जमानत वा बैङ्क जमानत रकम सदर, बदर, थपघट वा परिवर्तन गर्ने आदेश दिन सक्नेछ।

६. **धरौट वा जमानत दिन निवेदन दिनु पर्ने:** नगद वा सोबापत जमानत माग गर्ने गरी अदालतबाट आदेश भएकोमा नगद धरौट वा बैङ्क जमानत वा जेथा जमानतमध्ये कुन प्रकृतिको जमानत दिन चाहेको हो स्पष्ट रुपमा खुलाई अदालतसमक्ष निवेदन दिनुपर्नेछ।

७. **धरौट राख्न दिने निवेदनमा खुलाउनु पर्ने कुराहरू:** अदालतमा नगदै धरौट राख्न चाहने व्यक्तिले देहायका कुराहरू खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) मुद्दामा आफू प्रतिवादी वा पुनरावेदक वा निवेदक के हो सो कुरा,

(ख) विपक्षको नाम, थर र वतन,

(ग) मुद्दाको नाम,

(घ) अदालतको नाम,

(ङ) धरौट माग गर्ने आदेश वा फैसला मिति,

(च) धरौट माग गरिएको रकम,

(छ) अन्य आवश्यक कुराहरू।

८. **धरौट राख्न आदेश दिने**: अदालतमा धरौट राख्न पक्षले दिएको निवेदन रीतपूर्वक देखिए धरौट वा जमानत लिने अधिकारीले अनुसूची-२ बमोजिमको ढाँचामा धरौट राख्न आदेश दिनु पर्नेछ।

९. **धरौट दाखिल गर्ने:** (१) धरौट वा जमानत लिने अधिकारीबाट धरौट राख्न आदेश भएमा सम्बन्धित व्यक्तिले निवेदनसाथ धरौट राख्न नगद ल्याएमा सम्बन्धित शाखा वा फाँटले आर्थिक प्रशासन शाखामा पत्र लेखी सो नगद पठाउनु पर्नेछ।

(२) आर्थिक प्रशासन शाखाले सो नगद बुझी लिई सोको रसिद मिसिल सामेल राख्नका लागि सम्बन्धित शाखा वा फाँटमा पठाई दिनु पर्नेछ।

१०. **धरौट दिनेसँग कागज गराउनु पर्ने**: (१) मुद्दामा थुनछेकको आदेशबमोजिम धरौट लिँदा ऐनको दफा ७४ को उपदफा (१) बमोजिम धरौट दाखिला गर्ने व्यक्तिबाट ऐनको अनुसूची-२९ बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ।

(२) पुनरावेदन गर्ने प्रयोजनका लागि ऐनको दफा १३७ उपदफा (२) वा उपदफा (४) बमोजिम धरौट लिँदा फैसला बमोजिम लाग्ने दण्ड जरिवाना वा बिगो वा क्षतिपूर्ति वा अन्य रकम सोही धरौटबाट असूल उपर गरेमा मेरो मञ्जुरी छ भन्ने बेहोराको ऐनको अनुसूची-२९ बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ।

(३) धरौट दिने व्यक्तिसँग कागज गराउँदा धरौट दिने व्यक्तिले आर्थिक प्रशासन शाखामा धरौट रकम जम्मा गरेको रसिद प्राप्त भएपछि गराउनु पर्नेछ।

११. **बैङ्क जमानत दिने निवेदनमा खुलाउनु पर्ने कुराहरू:** अदालतमा बैङ्क जमानत दिन चाहने व्यक्तिले देहायका कुराहरू खुलाई अनुसूची-३ को ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) मुद्दामा आफू प्रतिवादी वा पुनरावेदक वा निवेदक के हो सो कुरा,

(ख) विपक्षको नाम, थर र वतन,

(ग) मुद्दाको नाम,

(घ) अदालतको नाम,

(ङ) धरौट वा जमानत माग गर्ने आदेश वा फैसला मिति,

(च) धरौट वा जमानत मागिएको रकम,

(छ) अन्य आवश्यक कुराहरू।

१२. **बैङ्क जमानत स्वीकार गर्न सक्ने:** (१) धरौट वा जमानत माग भएको व्यक्तिले देहायबमोजिमको बैङ्क जमानत लिई आएमा धरौट वा जमानत लिने अधिकारीले त्यस्तो बैङ्क जमानत स्वीकार गर्नेछः-

(क) नेपाल राष्ट्र बैङ्कबाट "क" वा "ख" वर्गको वित्तीय कारोवार गर्न इजाजत प्राप्त बैङ्कबाट जारी भएको,

(ख) स्थायी प्रकृतिको वा अदालतले तोकेको अवधिसम्म नवीकरण हुन सक्ने, र

(ग) विना सर्त भुक्तानी हुन सक्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २४२ को उपदफा (१५) मा उल्लिखित व्यवस्थाको हकमा सोहीबमोजिम हुनेछ ।

(३) बैङ्क जमानत दिने व्यक्तिले बैङ्क जमानतको प्रयोजनार्थ सम्बन्धित बैङ्कसँग गरेको सम्झौताको प्रतिलिपि समेत निवेदन साथ पेश गर्नु पर्नेछ।

(४) बैङ्क जमानतको प्रयोजन समाप्त भएपछि बैङ्क जमानतको रकम अदालतलाई भुक्तानी गर्न वा फुकुवा गर्न अदालतले सम्बन्धित बैङ्कलाई आदेश दिनेछ।

(५) धरौट वा जमानत लिने अधिकारीले बैङ्क जमानत स्वीकार गरेमा अदालतको लिखित आदेश विना उक्त बैङ्क जमानत कसैलाई पनि भुक्तानी नदिनु वा फुकुवा नगर्नु भनी सम्बन्धित बैङ्कलाई लेखि पठाउनु पर्नेछ।

(६) धरौट वा जमानत लिने अधिकरीले बैङ्क जमानत स्वीकार गर्नु पूर्व उक्त बैङ्क जमानतका सम्बन्धमा देहायका कुराहरू भए नभएको सम्बन्धमा जाँचबुझ गर्नु पर्नेछः-

(क) उक्त बैङ्क जमानत प्रचलित कानूनबमोजिम जारी भएको हो वा होइन ?

(ख) नेपाल राष्ट्र बैङ्कबाट "क" वा "ख" वर्गको वित्तीय कारोवार गर्न इजाजत प्राप्त बैङ्कबाट जारी भएको हो वा होइन ?

(ग) स्थायी प्रकृतिको नभएमा अदालतले तोकेको अवधिसम्म नवीकरण हुनसक्ने हो वा होइन ?

(घ) विनासर्त भुक्तानी हुनसक्ने हो वा होइन ?

१३. **बैङ्क जमानत स्वीकार गर्दा कागज गराउने:** (१) अदालतबाट बैङ्क जमानत स्वीकार गर्न सकिने अवस्था भएमा मुद्दाको पक्ष स्वयमसँग बैङ्क जमानत लिँदा ऐनको अनुसूची-३० बमोजिमको ढाँचामा र मुद्दाको पक्षको हकमा अन्य व्यक्तिले बैङ्क जमानत दिएकोमा निजसँग ऐनको अनुसूची-३१ बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ।

(२) बैङ्क जमानत दिने व्यक्तिले निजसँग गरिएको कागजबमोजिमको सर्त पालना नगरेमा धरौट वा जमानत लिने अधिकारीले सो बैङ्क जमानतबमोजिमको रकम अदालतको धरौटी खातामा जम्मा हुने गरी भुक्तानी दिन सम्बन्धित बैङ्कमा लेखी पठाउनु पर्नेछ।

१४. **बैङ्क जमानत नवीकरण गराउने:** (१) स्थायी प्रकृतिको बैङ्क जमानत दिएको अवस्थामा बाहेक अदालतले स्वीकार गरेको बैङ्क जमानतको अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगावै उक्त बैङ्क जमानत नवीकरण गरी ल्याउन वा अर्को बैंक जमानत ल्याउन पन्ध्र दिनको समय दिई बैङ्क जमानत दिने व्यक्तिलाई जानकारी दिनु पर्नेछ।

(२) बैङ्क जमानत नवीकरण गराउनलाई दिइएको समयभित्र त्यस्तो व्यक्तिले बैङ्क जमानत नवीकरण नगराएमा वा अर्को बैंक जमानत नल्याएमा अदालतले बैङ्क जमानतको रकम अदालतको धरौटी खातामा जम्मा हुने गरी भुक्तानी दिन सम्बन्धित बैङ्कलाई लेखी पठाउनु पर्नेछ।

(३) अदालतले बैङ्क जमानतको म्याद समाप्त हुने मितिसहितको अद्यावधिक अभिलेख अनुसूची-४ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(४) बैङ्क जमानतको अवधि समाप्त हुने अवधिसहितको विवरण सम्बन्धित मिसिलको अग्रभागमा समेत उल्लेख गर्नु पर्नेछ।

(५) स्थायी प्रकृतिको बैङ्क जमानत दिएको अवस्थामा बाहेक बैङ्क जमानत दिएको मुद्दा फैसला भएमा बैङ्क जमानत दिएको रकम धरौट वा जमानत लिने अधिकारीले अविलम्ब अदालतको धरौटी खातामा जम्मा गराउनु पर्नेछ।

तर बैङ्क जमानत दिने व्यक्तिले सट्टामा स्थायी प्रकृतिको बैङ्क जमानत दिएमा वा अन्तिम फैसलाबाट सम्बन्धित व्यक्तिले बैङ्क जमानत फिर्ता पाउने भएमा बैङ्क जमानतबापतको रकम अदालतको धरौटी खातामा जम्मा गर्नु पर्ने छैन।

१५. **<u>जेथा जमानतका लागि निवेदन दिँदा खुलाउनु पर्ने कुराहरू:</u>** अदालतमा जेथा जमानत दिन चाहने व्यक्तिले निवेदन दिँदा देहायका कुराहरू खुलाई अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) मुद्दामा आफू प्रतिवादी वा पुनरावेदक वा निवेदक के हो सो कुरा,

(ख) विपक्षको नाम, थर र वतन,

(ग) मुद्दाको नाम,

(घ) अदालतको नाम,

(ङ) जमानत माग गर्ने आदेश वा फैसला मिति,

(च) जमानत मागिएको रकम,

(छ) जमानत दिन लागिएको जेथाको विवरण,-

(ज) घर, जग्गा रहेको जिल्ला, नगरपालिका/गाउँपालिका, वडा नं., कित्ता नं. र क्षेत्रफल,

(झ) घर, जग्गा रहेको ठाउँ र चार किल्ला,

(ञ) घर भए सोको बनोट (कच्ची वा पक्की), कोठा कवल, तला र वर्गफिट र घर बनेको साल,

(ट) खरिद बिक्री हुनसक्ने न्यूनतम मुल्य,

(ठ) जग्गाका हकमा मालपोत कार्यालयले रजिष्ट्रेशनका लागि तोकेको मूल्य र घरका हकमा कर कार्यालय वा नगरपालिका/ गाउँपालिकाले तोकेको मूल्य

(ड) जग्गामा के कस्तो सडक बाटो रहेको छ वा छैन सो कुरा,

(ढ) अन्यत्रबाट रोक्का भए नभएको बेहोरा,

(ण) दर्तावालाको नाम,

(त) अन्य व्यक्तिले जेथा जमानी दिन लागेको भए सो बेहोरा,

(थ) जमानत माग भएको रकम बापतमा एकभन्दा बढी मानिसले जेथा जमानत दिने भए प्रत्येकको दायित्व वा हिस्सा, र

(द) अन्य आवश्यक कुराहरू।

१६. **जेथा जमानतको निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:** जेथा जमानतको लागि निवेदन दिंदा निवेदकले देहायका कागजात निवेदनसाथ पेश गर्नु पर्नेछः-

(क) घर जग्गाको जग्गाधनी प्रमाणपूर्जा,

(ख) जग्गाको हकमा भए पछिल्लो वर्षको मालपोत तथा घरको हकमा भए कर तिरेको रसीद,

(ग) घर जग्गाको नक्साको प्रतिलिपि,

(घ) आफ्नो हकमा अरु कसैले जमानत दिने भए जमानत दिन अदालतद्वारा तोकिएका सर्तमा निजको मञ्जूरी भएको मञ्जुरीनामा,

(ङ) घर भए नक्सापास प्रमाणपत्र, गाउँपालिकाभित्र रहेको घरको हकमा नक्सापास भए सो र सो नभए स्वीकृति वा सिफारिशपत्र,

(च) नक्सा पास गर्नु नपर्ने ठाउँको भए चार किल्ला, मूल्य, घरको प्रकृति समेत खुलाइएको सिफारिस, र

(छ) निवेदक तथा मञ्जुरीकर्ताहरू भए निजहरूको समेत नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

१७. **जेथाको सम्बन्धमा स्रेस्ता र मूल्य बुझ्ने:** (१) कुनै व्यक्तिले कुनै जेथा जमानतको लागि निवेदन दिएमा धरौट वा जमानत लिने अधिकारीले सो जेथा कुनै कारण वा प्रयोजनले रोक्का भए नभएको र उक्त जग्गाको मूल्य के कति पर्ने हो भन्ने सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयबाट खुलाउन लगाउनु पर्नेछ।

(२) जमानतका लागि दिइएको जेथा घर भए धरौट वा जमानत लिने अधिकारीले नगरपालिकाभित्रका घरको हकमा कर प्रयोजनको लागि नगरपालिकाबाट भएको मूल्याङ्कन बुझी र गाउँपालिकाभित्रको घर भए सम्बन्धित गाउँपालिकाबाट मूल्याङ्कन गराई मूल्य कायम गर्नु पर्नेछ।

१८. **जाँचबुझ गर्न कर्मचारी खटाउने:** (१) जेथा जमानतको लागि निवेदन पेश भएकोमा त्यस्तो जेथाको स्रेस्ता बुझ्ने र मूल्य बुझ्ने कार्य सम्पन्न गरी जेथाको जाँचबुझ गर्नु पर्ने देखेमा धरौट वा जमानत लिने अधिकारीले जेथाको जाँचबुझ गर्न आफ्ना कर्मचारी खटाउनेछ।

(२) सर्वोच्च अदालत वा उच्च अदालतले जेथा जमानत लिंदा जेथा अवस्थित रहेको सम्बन्धित जिल्ला अदालत मार्फत जेथाको जाँचबुझ र मूल्याङ्कन गराउन सक्नेछ।

(३) सर्वोच्च अदालत वा उच्च अदालतबाट जेथाको जाँचबुझ र मूल्याङ्कन गर्न लेखी आएमा सम्बन्धित जिल्ला अदालतले जेथाको जाँचबुझ गर्न आफ्ना कर्मचारी खटाउनु पर्नेछ।

१९. **जेथाको जाँचबुझ गर्ने प्रक्रिया:** (१) जमानत लिन प्रस्तावित जेथाको जाँचबुझ गर्न खटिएका अदालतका कर्मचारी जेथा रहेको ठाउँमै गई स्थलगत जाँचबुझ गर्नु पर्नेछ।

(२) जेथाको जाँचबुझको लागि खटिएका कर्मचारीले नक्साबमोजिमको घर जग्गा यकिन गर्नु पर्दा आवश्यकताअनुसार अमिनको सहयोग लिन सक्नेछन।

(३) जेथाको जाँचबुझका लागि खटिएका कर्मचारीले जेथाको जाँचबुझ गर्दा देहायका कुराहरुको सम्बन्धमा जाँचबुझ गरी साँधसँधियार र स्थानीय भद्र भलादमीलाई राखी मुचुल्कासमेत गराउनु पर्नेछः-

(क) स्रेस्ता र नक्साबमोजिम जेथा भए वा नभएको

(ख) जेथामा खेती लाग्ने भए उब्जाउपन र सिंचाईको प्रबन्ध के कस्तो रहेको,

(ग) व्यापारिक प्रयोजनका लागि भए घडेरी हुने वा नहुने र सडकको पहुँच भए वा नभएको,

(घ) जेथा कच्ची पक्की के कस्तो हो,

(ङ) विजुलीको हाइटेन्सन लाइन तथा राजमार्ग सीमा वा निर्माणाधीन परियोजना आदिमा परे वा नपरेको,

(च) कुनै कारणले जेथाको मूल्य घट्ने सम्भावना भए वा नभएको ।

(४) जेथाको जाँचबुझ गरेपछि खटिएका कर्मचारीले निवेदकले प्रस्ताव गरेको मूल्य उचित वा अनुचित के कस्तो छ र जमानत लिन उपयुक्त हुने वा नहुने के हो भन्नेसमेतका विषयमा आफ्नो किटानी रायसमेतको प्रतिवेदन अदालतमा पेश गर्नु पर्नेछ ।

(५) राय सहितको प्रतिवेदन प्राप्त भएपछि धरौट वा जमानत लिने अधिकारीले आवश्यक सम्झेमा आफैंले जाँचबुझ गरी निर्णय गर्न सक्नेछ।

२०. **<u>जेथाको मूल्य कायम गर्ने</u>** (१) जेथाको जाँचबुझ गर्न खटिएका कर्मचारी दिएको प्रतिवेदन र मुचुल्का प्राप्त भएपछि जेथाका सम्बन्धमा देहायका कुराहरू उपर जाँचबुझ गरी धरौट वा जमानत लिने अधिकारीले जेथाको मूल्य कायम गर्नु पर्नेछः-

(क) निवेदनमा उल्लेख गरिए बमोजिमको मूल्य पर्ने हो वा होइन ?

(ख) जमानत दिन लागिएको सम्पत्तिको मूल्य घट्ने सम्भावना छ वा छैन ?

(ग) अन्यत्रबाट वा अन्य विषयमा रोक्का छ छैन ?

(घ) सम्पत्ति कसको नाममा दर्ता छ र सो सम्पत्तिका हकदारहरू सबैको मञ्जूरी छ वा छैन ?

(ङ) उक्त जेथा कच्ची पक्की के हो ?

(च) खोलो पहिरो लाग्ने, भासिने सम्भावना छ छैन ?

(छ) विजुलीको हाइटेन्सन लाइन तथा राजमार्ग सीमा, निर्माणाधीन परियोजना समेतका अन्य भौतिक संरचनाका कारणले जेथाको मूल्य घट्ने सम्भावना छ वा छैन ?

(ज) जमानत दिन प्रस्तावित जग्गाको मूल्य मालपोत कार्यालय तथा घरको मूल्य कर कार्यालय वा नगरपालिका वा गाउँपालिकाको सिफारिशमा तोकिए भन्दा कम हुने हो, होइन ?

(झ) घरको हकमा कति वर्ष पहिलेदेखि नियमित रूपले कर दाखिल गरिएको छ?

(२) धरौट वा जमानत लिने अधिकारीले जाँचबुझ गरेपश्चात् जेथाको प्रतिवेदनसमेतका आधारमा प्रस्तावित जेथाको मुल्य कायम गर्नु पर्नेछ ।

(३) जेथाको मूल्य कायम गर्दा जमानतका लागि दिइएको जेथा जग्गा भए रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि तोकिएको मूल्यभन्दा बढी रकमका लागि स्वीकार गरिने छैन।

२१. **<u>जेथा स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा आदेश गर्नेः</u>** (१) जमानतको लागि दिइएको जेथाको कायम गरिएको मूल्यका आधारमा प्रस्तावित जेथा जमानत लिन सकिने र धरौट मागिएको रकम खाम्ने देखिएमा धरौट वा जमानत लिने अधिकारीले त्यस्तो जेथा स्वीकार गर्ने आदेश गर्नेछ ।

(२) जमानत दिन प्रस्ताव गरिएको जेथा जमानत लिन नहुने प्रकृतिको भएमा वा जमानत मागेको रकम नखाम्ने देखिएमा त्यस्तो जेथालाई स्वीकार नगर्ने गरी आदेश गर्नेछ।

२२. **जेथा रोक्का राखेः** धरौट वा जमानत लिने अधिकारीले जेथा जमानतको रुपमा कुनै जेथालाई स्वीकार गर्ने आदेश गरेमा जमानत दिएको जेथा अदालतबाट फुकुवा भै नआएसम्मका लागि अन्यत्र बेचविखन वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राखी पठाउन सम्बन्धित जेथाको विवरण खुलाई मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

२३. **एकै साथ जेथा मूल्याङ्कन र रोक्का गर्न सकिनेः** सर्वोच्च अदालत र उच्च अदालतबाट लिइने जेथा जमानतका हकमा सम्बन्धित जिल्ला अदालत मार्फत मूल्याङ्कन बुझ्दा रोक्कासमेत राखी पठाउन एकैसाथ लेखी पठाउन सकिनेछ ।

२४. **जमानतको कागज गराउनेः** (१) कुनै जेथालाई जमानत स्वीकार गर्ने गरी आदेश भएमा जेथा मालपोत कार्यालयबाट रोक्का भै आएमा धरौट वा जमानत लिने अधिकारीले त्यस्तो जेथा जमानत लिई कागज गराउने आदेश दिनु पर्नेछ ।

(२) मुद्दाको पक्ष स्वयम्सँग जेथा जमानत लिँदा ऐनको अनुसूची-३० बमोजिमको ढाँचामा र मुद्दाको पक्षको हकमा अन्य व्यक्तिले जमानत दिएकोमा निजसँग सोही संहिताको अनुसूची-३१ बमोजिमको ढाँचामा कागज गराउनु पर्नेछ।

२५. **धरौट वा जेथा जमानत लिँदा ध्यान दिनु पर्ने कुराः** धरौट वा बैङ्क जमानत वा जेथा जमानत लिनु पूर्व देहायका कुराहरूमा रित पुगे वा नपुगेको कुरामा धरौट वा जमानत लिने अधिकारीले ध्यान दिनु पर्नेछः-

(क) ऐनको दफा ७४ बमोजिम जमानतको अङ्क तोकी कागज गराउनु पर्ने,

(ख) ऐनको दफा ७४ को उपदफा (३) बमोजिम जमानत दिनु पर्ने व्यक्तिले आफ्नै सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा जमानतको रकम जमानत रहेको सो सम्पत्ति वा निजको अरु कुनै सम्पत्तिबाट असूल गर्ने सर्त उल्लेख गरी कागज गराउनु पर्ने,

(ग) ऐनको दफा ७४ को उपदफा (४) बमोजिम जमानत दिनु पर्ने व्यक्तिका लागि अरु कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा जमानी हुने व्यक्तिको अरू कुनै सम्पत्तिबाट असूल गर्ने सर्त उल्लख गरी कागज गराउनु पर्ने,

(घ) मुलुकी देवानी संहिता २०७४ को दफा ३३ र ३४ बमोजिमको असक्षम वा अर्धसक्षम व्यक्तिबाट धरौट वा जमानत लिनु पर्ने भएमा निजको सट्टा निजको संरक्षकबाट कागज गराउनु पर्ने,

(ङ) ऐनको दफा ७५ बमोजिम कुनै व्यक्तिसँग धरौट लिँदा अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुने सर्त उल्लेख गरी कागज गराउनु पर्ने,

(च) एउटै कलममा एकभन्दा बढी मानिसबाट जमानत लिँदा दामासाहीले बुझाउने गरी जमानत लिएकोमा दामासाहीले हुने अङ्क र घटी बढीमा लिएको भए जमानत लिएको अङ्क पृथक खोली लेखाई लिनु पर्ने ।

२६. **जमानत परिवर्तनः** (१) कसैले अदालतबाट मागिएको धरौट बापत नगद जम्मा गर्न नसकी जेथा जमानत वा बैङ्क जमानत दिएकोमा निजले जुनसुकै बखत नगद धरौट जम्मा गर्न ल्याउन सक्नेछ ।

(२) जेथा जमानत वा बैङ्क जमानतको सट्टा नगद धरौट राख्न ल्याएमा धरौट वा जमानत लिने अधिकारीले त्यस्तो व्यक्तिसँग ऐनको अनुसूची-२९ बमोजिम कागज गराउनु पर्नेछ ।

(३) अदालतमा जमानत राखिएको जेथा परिवर्तन गर्नु पर्ने आधार र कारण देखाई जमानत दिने व्यक्तिले जेथा परिवर्तन गरिपाउन निवेदन दिएमा र निजले उल्लेख गरेको आधार र कारण मनासिव भई धरौट वा जमानत लिने अधिकारी सन्तुष्ट भएमा जमानत राखिएको जेथाको सट्टा अर्को जेथा जमानत राख्ने गरी जेथा परिवर्तन गर्न सक्नेछ।

(४) जेथा परिवर्तन गर्दा पहिले राखेको जेथाभन्दा कम मूल्य पर्ने वा कमसल जेथा स्वीकार गरिने छैन।

(५) जमानत राखिएको जेथा परिवर्तन गर्दा वा जेथा जमानतको सट्टा बैङ्क जमानत स्वीकार गर्दा यसै निर्देशिकाबमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

(६) कुनै व्यक्तिले अदालतको आदेश बमोजिम नगद धरौट राखेको वा बैङ्क जमानत दिएकोमा सोको सट्टा जेथा जमानत लिन सकिने छैन।

२७. **<u>जेथा जमानत वा बैङ्क जमानत फुकुवा गर्नेः</u>** देहायको अवस्थामा धरौट तथा जमानत दिने अधिकारीले त्यसरी लिएको जेथा जमानत वा बैङ्क जमानत फुकुवा गरी दिनु पर्नेछः-

(क) अन्तिम फैसलाबाट सम्बन्धित व्यक्तिले बैङ्क जमानत फिर्ता पाउने भएमा।

(ख) दिएको जेथा जमानत वा बैङ्क जमानतबाट कानून बमोजिम फैसला कार्यान्वयन गर्नु पर्ने अवस्था नभएमा।

(ग) जेथा जमानत वा बैङ्क जमानतको सट्टा नगद धरौट राखेमा ।

(घ) अन्य कुनै कारण र प्रयोजनबाट जेथा जमानत वा बैङ्क जमानत कायम नराखी फुकुवा गरी दिनु पर्ने भएमा।

२८. **<u>खारेजी र बचाउः</u>** (१) धरौट र जमानीसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६६ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिकाबमोजिम भए गरेका काम कारवाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १

(दफा ७ सँग सम्बन्धित)

(नगद धरौट राख्न दिइने निवेदनको ढाँचा)

श्री ............................................................................ अदालतमा चढाएको

**<u>निवेदनपत्र</u>**

**विषयः- <u>नगद धरौट जम्मा गरेको ।</u>**

.................................................................................................................. निवेदक

विरुद्ध

.................................................................................................................. विपक्षी

मुद्दाः ..................................

म निवेदक रु १०।- दस्तूर साथै राखी निम्न बेहोराको निवेदन गर्दछुः-

१ उल्लिखित मुद्दामा मिति .......................................... मा थुनछेकको आदेश हुँदा माननीय न्यायाधीश श्री ....................................................... को इजलासबाट मलाई रु ............. धरौट माग्ने गरी आदेश भएकोले / ....................... अदालतको मिति ........................ को फैसलाबमोजिम मलाई भएको ................ वर्ष/................महिना ................ दिन कैद/ रु ..................जरिवानाबापत धरौट राखी पुनरावेदन गर्न पाउने सुविधा प्राप्त गरेकोले त्यस बापतको नगद रकम रु ........................यसै निवेदनसाथ दाखिला गरेको छु । उक्त धरौट रकम बुझी लिई कानूनबमोजिम तारिखमा रहन/ पुनरावेदन दर्ता गर्न पाऊँ ।

२ यसमा लेखिएको बेहोरा ठीक साँचो छ, झूट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

.................

निवेदक

इति संवत् २० ........ साल महिना ............ गते ..........रोज... शुभम् ।

अनुसूची - २

(दफा ८ सँग सम्बन्धित)

(नगद धरौट राख्न दिइने निवेदनमा दिइने आदेशको ढाँचा)

.................................................................. अदालत

**आदेश**

................................................................................................................................ निवेदक

विरुद्ध

................................................................................................................................ विपक्षी

मुद्दाः ..................................

यसमा निवेदक ........................ले ........................ अदालतको मिति .............................. को आदेशबमोजिम मुद्दाको पूर्पक्ष गर्न/ पुनरावेदन दर्ता गर्न रु ........................ नगद धरौट राख्न/बैङ्क जमानत /जेथा जमानत दिन निवेदन दिएको हुँदा निजबाट उक्त नगद धरौट राख्न/बैङ्क जमानत लिई कार्यविधि सहिताको अनुसूची २९ बमोजिमको ढाँचामा/जेथा जमानत लिई कार्यविधि संहिताको अनुसूची ३०/३१ बमोजिमको ढाँचामा कागज गराई निजलाई तारिखमा राखू/नगद धरौट राख्न/बैङ्क जमानत/जेथा जमानत लिई पुनरावेदन दर्ता गरी नियमानुसार गर्नू ।

**धरौट वा जमानत लिने अधिकारीको**

नामः

पदः

दस्तखतः

इति संवत् २० ........ साल महिना ............. गते ..........रोज... शुभम् ।

अनुसूची - ३

(दफा ११ सँग सम्बन्धित)

(बैक जमानत दिन दिइने निवेदनको ढाँचा)

श्री .............................................................................. अदालतमा चढाएको

**निवेदनपत्र**

**विषयः- बैङ्क जमानत दिइएको ।**

.............................................................................................................. निवेदक

विरुद्ध

.............................................................................................................. विपक्षी

मुद्दाः ..................................

म निवेदक रु १०।- दस्तूर साथै राखी निम्न बेहोराको निवेदन गर्दछुः-

१ उल्लिखित मुद्दामा मिति .......................................... मा थुनछेकको आदेश हुँदा माननीय न्यायाधीश श्री ....................................................... को इजलासबाट मलाई रु .............. धरौट वा जनमानत माग्ने गरी आदेश भएकोले / ........................ अदालतको मिति ........................ को फैसलाबमोजिम मलाई भएको ................ वर्ष/.................महिना ................. दिन कैद/ रु ....................जरिवाना बापत धरौट राख्न पुनरावेदन दर्ता गर्न पाउने सुविधा प्राप्त गरेकोले त्यस बापतको रु ........................ को ........................ मा कार्यालय रहेको ...................... बैङ्कले मिति ...................... सम्मको लागि मिति .......................मा जारी गरेको बैङ्क जमानत यसै निवेदनसाथ दाखिला गरेको छु । उक्त बैङ्क जमानत अदालतको आदेशानुसारको अवधीसम्म नवीकरण गराउने छु । उक्त बैङ्क जमानत बुझी लिई कानूनबमोजिम तारिखमा रहन/ पुनरावेदन दर्ता गर्न पाउँ । ...................... बैङ्कले मिति ......................मा जारी गरेको बैङ्क जमानत सक्कल प्रति र सोसम्बन्धी सम्झौताको प्रतिलिपि यसै साथ संलग्न गरेको छु ।

२ यसमा लेखिएको बेहोरा ठीक साँचो छ, झूट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

.................

निवेदक

इति संवत् २० ........ साल महिना ............. गते ..........रोज... शुभम् ।

अनुसूची - ४

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**(बैङ्क जमानतको अभिलेखको ढाँचा)**

........................................................................... अदालत

**बैङ्क जमानतसम्बन्धी अभिलेख**

| क.सं. | बैङ्क जमानत दिनेको नाम | मुद्दा | जमानत रकम | जारी गर्ने बैङ्कको नाम | जारी मिति | अवधि समाप्त हुने मिति | अभिलेख अद्यावधिक गर्ने कर्मचारीको दस्तखत | जमानत लिने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची - ५

(दफा १५ सँग सम्बन्धित)

(जेथा जमानत दिन दिइने निवेदनको ढाँचा)

श्री ........................................................................... अदालतमा चढाएको

**<u>निवेदनपत्र</u>**

**विषयः- <u>जेथा जमानत दिइएको ।</u>**

.................................................................................................. निवेदक

विरुद्ध

.................................................................................................. विपक्षी

मुद्दाः ..................................

म निवेदक रु १०।- दस्तूर साथै राखी निम्न बेहोराको निवेदन गर्दछुः-

१ उल्लिखित मुद्दामा मिति .......................................... मा थुनछेकको आदेश हुँदा माननीय न्यायाधीश श्री ...................................................... को इजलासबाट मलाई रु ............. धरौट वा जनमानत माग्ने गरी आदेश भएकोले / ........................ अदालतको मिति ........................ को फैसलाबमोजिम मलाई भएको ................ वर्ष/.................महिना ................ दिन कैद/ रु ...................जरिवानाबापत धरौट राख्न पुनरावेदन दर्ता गर्न पाउने सुविधा प्राप्त गरेकोमा नगदे धरौट राख्न वा बैक जमानत दिन नसक्ने भएको हुँदा मेरो आफ्नै नाम दर्ताको/ मेरो तर्फबाट .................................................. नाम दर्ताको देहायको विवरण अनुसारको जेथा जमानतमा राखी पाउन यो निवेदन गरेको छु । मसँग माग भएको रु ..................................... धरौट वा जमानतबापत तपसील बमोजिमको सम्पत्ति जेथा जमानत लिई बुझी लिई कानून बमोजिम तारिखमा रहन/ पुनरावेदन दर्ता गर्न पाउँ ।

२ जमानत दिएको जेथाको विवरणः

| क्र.सं. | जेथाको विवरण | जेथा रहेको जिल्ला | नगरपालिका /गाउँपालिका | वडा नं | कि नं | क्षेत्रफल | घर भए तला, कोठा र प्रकार, क्षेत्रफल र बनेको साल | मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

३ अन्य आवश्यक कुराहरू (क) ----------------------------------------------------------------

(ख) ----------------------------------------------------------------

(ग) ----------------------------------------------------------------

(घ) ----------------------------------------------------------------

(ङ) ----------------------------------------------------------------

४ देहायका कागजातहरू यसैसाथ पेश गरेको छुः-

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) जग्गाधनी प्रमाणपूर्जा

(ग) सम्बन्धित घर जग्गाको नक्सा

(घ) कर तिरेको रसिद

(ङ) मालपोत तिरेको रसिद

(च) अर्कालाई जेथा जमानत दिएको भए जेथावालाको मञ्जूरनामा लिखत ।

५ यसमा लेखिएको बेहोरा ठीक साँचो छ, झूट्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

.................

निवेदक

इति संवत् २० ........ साल महिना ............. गते ..........रोज... शुभम् ।